# सोरु गाउँपालिका

## सोरु राजपत्र

| | |
|---|---|
| संख्या १ | मिति २०७९।१२।०६ |

### सोरु गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धि कार्यविधि २०७९

**प्रस्तावना**

यस गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारिहरुलाई आफ्नो काममा थप हौसला प्रदान गर्न प्राविधिक कर्मचारीको फिल्ड भत्ता दिन वान्छनिय भएकोले स्थानिय सरकार संचालन एन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि सोरु गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाइ जारि गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम सोरु गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धि कार्यविधि २०७९ रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाको वैठक बाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) गाउँपालिका भन्नाले सोरु गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) कार्यलय भन्नाले सोरु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) कार्यपालिका भन्नाले सोरु गाउँपालिका कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) कार्यविधि भन्नाले सोरु गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक हरुको फिल्ड भत्ता सम्बन्धि कार्यविधि २०७९ सम्झनु पर्दछ ।

ङ) प्राविधिक कर्मचारी भन्नाले पूर्वाधार विकास शाखा अन्तर्गत दरबन्दि अनुसार नियुक्ति गरिएका स्थायी र करार सेवा अन्तर्गत कार्यरत ईन्जिनियर सव ईन्जिनियर असिस्टेन्ट सव इन्जिनियर र खा पा सटे लाई सम्झनु पर्दछ ।

## ३. फिल्ड भत्ता प्राप्त गर्ने आधार

क) यस कार्यविधि बमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालयमा हाजिर भई काम गरेको हुनु पर्नेछ ।आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको काम निजले गरेको हुनु पर्नेछ ।

ख) भत्ता प्रदान गर्ने प्रायोजनका लागि प्राविधिक कर्मचारिहरुले मासिक रुपमा काम गरेको विवरण पूर्वाधार विकास शाखा प्रमुखले तयार गरि प्रशासन मार्फत पेश गर्न पर्नेछ ।

ग) उक्त दफा क बमोजिम काम गरेका कर्मचारीहरु र उपदफा ख बमोजिम पेश गरेको विवरण स्विकृत भए पश्चात कर्मचारीले आफ्नो पद तह स्तर अनुसार देहाय बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछन ।

| सि न | पद/तह/स्तर | प्राप्त हुने फिल्ड भत्ता रु. |
|---|---|---|
| १ | इन्जिनिय अधिकृत स्तर शाखा प्रमुख | ११००० |
| २ | सव इन्जिनियर /सर्भेयर | १०००० |
| ३ | अ सव इन्जिनियर चौथो तह | ९००० |

४. भुक्तानी विधि ;  २०७९ साल चैत महिना देखि दफा ग बमोजिमका प्राविधिक कर्मचारीको तलबमा थप प्राविधिक फिल्ड भत्ता समावेश गरि मासिक रुपमा कार्यालयले उपलब्ध गराउनेछ ।

५. कार्यविधिको व्याख्या : यस कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

६. थपघट तथा हेरफेर : आवश्यकता प्राथमिकता एवं सन्दर्भलाई समेत मध्येनजर गरि कार्यपालिकाले प्रचलित कानुन संग नबाझिने गरि यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्नेछ ।

प्रमाणिकरण मिति २०७९।१२।०६

प्रमुख प्रशासकिय अधिकृत

CamScanner